# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः २३ मितिः २०८१।१०।०८

**भाग-१**

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **अपाङ्गता संरक्षण कोष सञ्चालन ऐन, २०८१** जारी गरेको छ ।

खण्डः ८ संख्याः २३ मितिः २०८१।१०।०८

# अपाङ्गता संरक्षण कोष सञ्चालन ऐन, २०८१

**नगर सभाबाट स्वीकृत मितिः २०८१।०९।२५**

**प्रस्तावनाः**

शिवराज नगरपालिका भित्रका आपतकालिन एवं जोखिम अवस्थामा रहेका गरिव, विपन्न, अपाङ्गता भएका व्यक्तिहरुको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरुको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो अपाङ्गता संरक्षण कोष सञ्चालन ऐन, २०८१ बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो ऐनको नाम अपाङ्गता संरक्षण कोष सञ्चालन ऐन, २०८१ रहेको छ।

ख) यो ऐन नगर सभाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा तथा व्याख्या**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) कोष भन्नाले यस ऐनको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगर स्तरीय अपाङ्गता संरक्षण कोषलाई सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले शिवराज नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) "वडा कार्यालय" भन्नाले शिवराज नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) "नगर अपाङ्गता समन्वय समिति" भन्नाले शिवराज नगरपालिका भित्र गठित अपाङ्गता समन्वय समितिलाई बुझ्नु पर्दछ ।

ङ) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका अपाङ्गता भन्नाले ऐनको दफा १० (१) मा उल्लेखित अपाङ्ता व्यक्तिलाई सम्झनु पर्दछ ।

च) "सञ्चालक समिति" भन्नाले ऐनको दफा ५ मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

छ) अपाङ्गता सम्बन्धि समिति भन्नाले नगरपालिकामा गठित उप प्रमुखको संयोजकत्वमा रहेको समितिलाई सम्झनु पर्छ ।

**३. कोषको उद्देश्य**

क) जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिहरुको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिहरुलाई राहत उपलब्ध गराउने,

ग) जोखिम अवस्थामा रहेका अपाङ्गता व्यक्तिहरुलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

घ) गरिव विपन्न अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धिका लागि औपचारिक तथा अनौपचारिक कार्यक्रम संचालन गर्ने ।

**४. कोषको स्थापना**

१) शिवराज नगरपालिकाको अपाङ्ग समन्वय समितिको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अवस्थामा रहेका नगर भित्रका गरिव विपन्न अपाङ्गता व्यक्तिको संरक्षण गर्न अपाङ्गता संरक्षण कोषको स्थापना गरिनेछ ।

२) अपाङ्गता संरक्षण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(१) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(२) शिवराज नगरपालिकाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम,

(३) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम आदि ।

**५. सञ्चालक समितिको गठन**

(१) कोषको व्यवस्थापन सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको नगर सञ्चालक समिति रहने छ।

क) नगर सञ्चालक समितिः-

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उप प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| सामाजिक विकास समितिको संयोजक | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| महिला तथा बालवालिका शाखा प्रमुख | सदस्य सचिव |

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

क) जोखिम अवस्थामा रहेका गरिव विपन्न अपाङ्गता व्यक्तिको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने, त्यस्ता अपाङ्गतालाई राहत तथा अन्य सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै गरिव विपन्न अपाङ्गता व्यक्ति जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपबलब्ध स्रोतको आधारमा सामाग्री वा नगद सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण नगर कार्यपालिकामा पेश गर्ने,

ङ) अपाङ्ग समन्वय समितिसँग मिलेर जोखिम अवस्थामा रहेका गरिव विपन्न अपाङ्गता व्यक्तिको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

च) अपाङ्गता संरक्षण कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने

छ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगर कार्यपालिका, अपाङ्ग समन्वय समितिमा पेश गर्ने,

ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

झ) अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थासंग समन्वय गर्ने ।

**७. रकम उपलब्ध गराउन सक्ने**

(१) अपाङ्गता भई अति जोखिममा रहेका गरिव विपन्न अपाङ्गता पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिको निर्णयबाट रु. १०,०००।- सम्म र दश हजार भन्दा माथि कार्यपालिकाको निर्णयबाट दिन सक्ने ।

(२) नगरपालिकाले संरक्षण विहिन अपाङ्गता भएका व्यक्तिको संरक्षणको लागि संरक्षण गृह/आवास गृह संचालन गराउन सक्ने छ ।

(३) विशेष परिस्थितिमा आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा सदस्य सचिवको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त दश हजार रुपैयाँ उपलब्ध गराउन सक्नेछन् ।

(४) बालबालिकालाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनु पर्नेछ ।

**८. सञ्चालक समितिले गर्न नहुने कामहरु**

दफा ३ मा उल्लिखित उद्देश्य बाहेक कार्य गर्न नहुने ।

**९. सञ्चालक समितिको बैठक**

सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छ।

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ,

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ,

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ,

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ,

ङ) सञ्चालक समितिको सम्पर्क स्थान शिवराज नगरपालिका रहनेछ ।

**१०. आपतकालिन एवं जोखिम अवस्थाका अपाङ्गता**

(१) यस अन्तर्गत देहायका व्यक्तिहरु पर्दछन

क) अति जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्ति,

ख) गरिव विपन्न अपाङ्गता भएका व्यक्तिको घरको आर्थिक अवस्था कमजोर रहेको,

ग) गरिव विपन्न अपाङ्गता भएका व्यक्तिको कोही अभिभावक वा संरक्षक नरहेको र अवस्था नाजुक रहेमा,

घ) सञ्चालक समितिको निर्णयबाट छनोट भएको आपतकालिन अवस्थामा रहेको गरिव विपन्न अपाङ्ग व्यक्ति ।

**११. निवेदन दिन सक्ने**

यस ऐनको दफा १० को उपदफा (१) मा उल्लेख गरिएका गरिव विपन्न अपाङ्गता भएका व्यक्तिहरुको उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी शिवराज नगरपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले शिवराज नगरपालिका नगर कार्यपालिका अन्तर्गत महिला तथा बालवालिका शाखा र वडा कार्यालयमा विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**१२. खाताको सञ्चालन तथा लेखापरिक्षण**

(१) अपाङ्गता संरक्षण कोषको रकम समितिको निणर्यले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) दफा १२ को उपदफा १ बमोजिमको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ तथा कोषको लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. ऐनको व्याख्या तथा संशोधन**

यो ऐनको कार्यन्वयन गर्न नगरपालिकाले आवश्यकतानुसार कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

**१५. शिवराज नगरपालिकाको अपाङ्गता संरक्षण कोष संचालन कार्यविधि २०७८ खारेज गरिएको छ ।**

१६.**कोष खारेज हुन सक्ने अवस्थाः** कुनै कारणवश अपाङ्गता संरक्षण कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित नगर कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिकाको निणर्यले खारेज गर्न सक्नेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा हुनेछ ।

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**